REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 04.11.2026

सांसद डी.टी. लेप्चाद्वारा *सिरी गाईका लागि उत्कृष्टता केन्द्र स्थापनाको प्रस्तावको स्वागत*

राज्यसभा सांसद डी.टी. लेप्चाले सिक्किममा स्वदेशी सिरी गाईका लागि उत्कृष्टता केन्द्र स्थापना गर्ने केन्द्र सरकारको प्रस्तावको स्वागत गर्नुभएको छ।उहाँले केन्द्रीय मन्त्री राजीव रञ्जन सिंह र मुख्यमन्त्री प्रेम सिंह तामाङलाई परम्परागत गाईको प्रजाति संरक्षणमा सहयोग गर्नुभएकोमा आभार व्यक्त गर्नुभएको छ ।केन्द्रीय मन्त्री सिंहले हिजो गान्तोकमा आयोजित एक विशेष कार्यक्रममा, सिक्किम सरकारलाई प्रस्तावित केन्द्रका लागि उपयुक्त जग्गा पहिचान गरी विस्तृत परियोजना पेश गर्न आग्रह गर्नुभएको थियो ।

राज्यसभा सचिवालयको प्रतिनिधिमण्डल सिक्किम भ्रमण

राज्यसभा सांसद तथा सूचना र सञ्चार प्रविधि व्यवस्थापन समितिका अध्यक्ष रञ्जित रञ्जन, राज्यसभा सचिवालयको प्रतिनिधिमण्डल सहित, आज तीन दिने आधिकारिक अध्ययन भ्रमणको सिक्किम आइपुग्नुभएको छ। प्रतिनिधिमण्डलले सिक्किममा आईटी पूर्वाधार, डिजिटल शासन, साइबर सुरक्षा, डिजिटल बैंकिङ सेवा र प्रविधिमा आधारित प्रणालीको कार्यप्रणालीबारे विभिन्न संस्था र अधिकारीहरूसँग अध्ययन तथा अन्तरक्रिया गर्नेछ।

सिक्किम साहसिक पर्यटन उत्सव २०२६

सिक्किम साहसिक पर्यटन उत्सव २०२६ अन्तर्गत चार दिने टुर डे सिक्किम साइकल अभियान आज नाम्ची जिल्लाको चेम्चे स्थित भारतीय हिमालयन सेन्टर फर एडभेन्चर एण्ड इको-टुरिजमबाट सुरु शहरी विकास विभाग मन्त्री भोजराज राईले हरियो झण्डा देखाएर शुभारम्भ गर्नु भयो । चेम्चेबाट शुरु भएको यो अभियान गान्तोकतर्फ हुँदै भोलि हाङ्गु ताल तर्फ जानेछन् र ६नोभेम्बरका दिन जुलुक मार्ग हुँदै आरितार पुग्नेछन्, र अन्तमा ७नोभेम्बर का दिन लिखिमटार मा अभियान समापन हुनेछ।देशका विभिन्न भागबाट १३ जना सहभागीहरूले भाग लिइरहेकायस अभियानको को उद्देश्य साहसिक पर्यटनलाई प्रवर्द्धन गर्नु हो।

## एकदिने किसान मेला सम्पन्न

गेजिंगमा  जिल्लाको ग्याबामा अन्तर्राष्ट्रिय महिला किसान वर्ष २०२६ को अवसरमा आज कृषि प्रविधि व्यवस्थापन एजेन्सी (आत्मा), ग्यालसिङले एकदिने किसान मेला आयोजना गर्यो । मेलाको उद्देश्य महिला किसानहरूको योगदानको कदर गर्नु र कृषि विकासमा ज्ञान, प्रविधि र संस्थागत सहयोग पुऱ्याउनु थियो। कार्यक्रममा जिल्लापाल  तेन्जिङ डी. देन्जोङ्पा प्रमुख आतिथ्यमा सम्पन्न उक्त  कार्यक्रममा वित्तीय साक्षरता, किसान क्रेडिट कार्ड, सरकारी योजना र अनुदानबारे जानकारी गराइएको थियो ।

## रेश्मा भुटियालाई पहिलो स्थान

सिक्किमकी रेश्मा भुटियाले अन्तर्राष्ट्रिय स्तरमा सिक्किमको गौरव बडाएकी  छन्  सिक्किमको प्रतिनिधित्व गर्दै, हरियाणाको फरिदाबादमा सम्पन्न संयुक्त विश्व खेलकुद तथा फिटनेस महासंघपर्व क्लासिक इन्टरनेशनल एक्सपो २०२६ मा उनले ६० किलो  वर्गमा पहिलो स्थान हासिल गरेकी छन् ।

## गान्तोकमा बाल वैज्ञानिक प्रदर्शनी सुरु

गान्तोकमा आजबाट तीन दिने राज्यस्तरीय बाल वैज्ञानिक प्रदर्शनी सुरु भएको छ। राज्य शैक्षिक अनुसन्धान तथा प्रशिक्षण  परिषद्ले आयोजना गरेको प्रदर्शनीमा सिक्किमका ४३ विद्यालयका विद्यार्थीहरूले वैज्ञानिक प्रदर्शनी प्रस्तुत गरेका छन्। प्रदर्शनीको मुख्य विषय “दिगो विकसित भारतका लागि विज्ञान, प्रविधि र नवप्रवर्तन” रहेको छ। उद्घाटनमा संस्कृति सचिव बसन्त लामाले कडा परिश्रम नै सफलताको आधार भएको बताउनुभयो। प्रदर्शनी नोभेम्बर ५ मा समापन हुनेछ।

## रुम्बुकमा ९० दिने लिम्बू पोशाक बुनाइ तालिम सम्पन्न

हस्तशिल्प तथा हाते करघा निर्देशनालय, सिक्किम सरकारले सोरेङ जिल्लाको रुम्बुकमा ९० दिने क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरेको छ।ग्राम प्रशासन केन्द्र, रुम्बुकमा भएको तालिममा परम्परागत लिम्बू पोशाक बुनाइ सिकाइएको थियो। जुलाई २७, २०२६ देखि सुरु भएको यो कार्यक्रम RAMP योजनाअन्तर्गत सञ्चालन गरिएको हो। यसको उद्देश्य

परम्परागत बुनाइ सीप बलियो बनाउने, आत्मनिर्भरता बढाउने र लिम्बू समुदायको समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण गर्नु थियो।

## मंगनमा जिल्लास्तरीय सांस्कृतिक महोत्सव सम्पन्न

मंगनमा आज राष्ट्रिय युवा महोत्सव अन्तर्गत जिल्लास्तरीय सांस्कृतिक महोत्सव, पीएम श्री मंगन वरिष्ठ माध्यमिक विद्यालयमा आयोजना गरियो । उक्त कार्यक्रम सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागले केन्द्र सरकार र सिक्किम युवा विकास बोर्डको सहकार्यमा आयोजन गरिएको हो । मंगन जिल्लाका पंचायत अध्यक्ष कादो लेप्चाको विशेष उपस्थितिमा संचालित उक्त कार्यक्रममा, अन्य सरकारी अधिकारीवर्ग , शिक्षक र विद्यार्थीहरूको उपस्थिति थियो। महोत्सवमा लोकगीत, लोकनृत्य, चित्रकला र कविता प्रतियोगिता भएका प्रस्तुत गरिएको थियो।